# गैंडाकोट नगरपालिका

## हेभी इकुपमेन्ट सञ्चालन सम्बन्धी कार्य विधि-२०७५

स्वीकृत मिति २०७५।०३।२९

गैंडाकोट नगरपालिकाको स्वामित्वमा रहेका हेभी इकुपमेन्टहरुको संचलान र व्यवस्थापन गर्न आवश्यक भएकोले गैंडाकोट नगरपालिकाको प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन-२०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि गैंडाकोट नगर कार्यपालिकाको यो कार्यविधि निर्माण गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम हेभी इकुपमेन्ट संचालन सम्बन्धी कार्यविधि २०७५ रहने छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरे पछि लागु हुनेछ।

**२.परिभाषा**

क) "हेभी इकुपमेन्ट" भन्नाले बारुण यन्त्र, ब्याक-हु लोडर, डोजर, एक्साभेटर, ट्रिपर लगायत अन्य ठुला सवारी साधनलाई सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले गैंडाकोट नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "समिति" भन्नाले यस कार्यविधि अन्तरगत गठित संचालन समितिलाई सम्झनु पर्दछ।

घ) "शाखा" भन्नाले यस गैंडाकोट नगरपालिकाको सम्बन्धीत शाखालाई सम्झनु पर्दछ।

ङ) "कोष" भन्नाले गैंडाकोट नगरपालिकामा हेभी इकुपमेन्ट संचलनको लागि तोकीएको आर्थीक शिर्षकलाई सम्झनु पर्दछ।

च) "चालक" भन्नाले हेभी इकुमेन्ट चलाउने चालकलाई सम्झनु पर्दछ।

ज) "सेवाग्राही" भन्नाले यस कार्यबिधि अनुसार सेवा लिन चाहने सार्वजनिक संघ, संस्था, समिति, उपभोक्ता समिति लाई सम्झनु पर्दछ।

**३. संचालन समितिको गठन**

क) गैंडाकोट नगरपालिकामा रहेका हेभी इकुपमेन्ट संचालनको लागि देहाय बमोजिमको संचालन समिति रहने छ :-

१. संयोजकः- प्रमुख प्रशासकीय अधिकृत

२. सदस्यः- योजना शाखा प्रमुख

३. सदस्य सचिवः- जिन्सी शाखा प्रमुख

बैठक आबश्यकता अनुसार आमन्त्रित सदस्य राखी बैठक राख्न सकिने छ।

**४. समितिको काम कर्तव्य र अधिकार**

क) समिति को काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

१. हेभी इकुपमेन्ट प्रयोगको दररेट परिमार्जनका लागि सिफारिस गर्ने।

२. हेभी इकुपमेन्टहरुको रेखदेख गर्ने।

३. संचालनको अवस्थामा नियमन गर्ने।

४. मर्मत संम्भार गर्ने।

५. नगरपालिकामा नियमित रुपमा प्रगति प्रतिवेदन पेश गर्ने।

६. परि आएको अन्य काम गर्ने।

**५. <u>समितिको बैठक</u>**

क) मासिक रुपमा कम्तिमा एक पटक समितिको बैठक बस्ने छ।

ख) आवश्यकता अनुसार थप बैठक समेत बस्न सक्नेछ।

**६. <u>हेभी इकुपमेन्टको उपलब्धता सम्बन्धी व्यवस्था</u>**

क) सेवाग्राहिको निवेदन माग प्राप्त भएपछि सडक तथा अन्य पुर्बाधार बिकास उपशाखाको सिफारिसमा हेभी इकुपमेन्ट उपलब्ध गराइने छ।

ख) अत्याबश्यक भई तत्काल हेभी इकुपमेन्ट प्रयोगमा ल्याउनु पर्ने अवस्था उत्पन्न भएमा समितिको अनुमोदन हुने गरी उपलब्ध गराइने छ।

ग) सेवाग्राहीबाट माग भै संचालनमा जाने हेभी इकुपमेन्ट प्रयोग गरे बापत नगरपालिकामा बुझाउनुपर्ने रकमको दररेट अनुसुची १ बमोजिम हुनेछ।

घ) सेवाग्राहीले हेभी इकुपमेन्ट माग गर्दा अग्रीम रुपमा अनुसूची-२ बमोजिम सम्झौता गरि दस्तुर समेत बुझाउनु पर्ने छ।

ङ) अग्रीम दस्तुर बुझाएको भन्दा बढी समय प्रयोग गरेमा नियमानुसार थप दस्तुर बुझाउनु पर्नेछ।

च) थप दस्तुरको उठाउने दायित्व चालकको हुने छ।

छ) नगरपालिकाबाट स्वीकृत कार्यक्रम संचालन गर्दा प्रयोग गरिने हेभी इकुपमेन्टको बिबरण सम्झौता पत्रमा उल्लेख गर्नु पर्ने छ।

ज) लापरबाहीका कारणले हेभी इकुपमेन्टमा कुनै क्षति पुग्न गएमा सो को जिम्मेवारी साधन माग गर्ने सेवाग्राहीको हुने छ।

झ) बिपत्ति र नगरपलिकाबाट आयोजना गरिने बिशेष कार्यका सन्दर्भमा हेभी इकुपमेन्ट संचालन बापत महशुल लिने वा नलिने भनि निर्धारण गर्ने अधिकार नगर कार्यपालिकालाई हुने छ।

ञ) कार्यालय समय भन्दा अतिरिक्त समयमा काम गरे बापत चालकलाई संकलित दस्तुरको ५ प्रतिशत भत्ता उपलब्ध गराईने छ।

**७. <u>प्रयोगको क्षेत्र</u>**

नगरपालिका क्षेत्र भित्रको सार्वजनिक कार्यमा बाहेक अन्य कार्यमा बारुण यन्त्र बाहेक हेभी इकुपमेन्ट उपलब्ध गराईने छैन।

**८. <u>संचालन कोषको व्यवस्था</u>**

क) हेभि इकुपमेन्ट संचालनको लागि एउटा छुट्टै शिर्षकगत कोष खडा गरिने छ। उक्त कोषमा देहाय बमोजिमको रकम रहने छ:-

१. गैंडाकोट नगरपालिकाबाट विनियोजित रकम।

२. सेवाग्राहीबाट प्राप्त हुने दस्तुर।

३. विभिन्न निकायबाट प्राप्त हुने रकम।

**९. <u>कोषको संचालन विधि</u>**

प्रचलित कानुन अनुसार नगरपालिकाको खाता संचालन गर्ने प्रकृया अनुसार कोष संचालन हुनेछ।

**१०. <u>विवध</u>**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था समितिको निर्णय बमोजिम हुनेछ।

ख) नगर कार्यपालिकाबाट यो कार्यविधिमा समयानुसार परिमार्जन गर्न सकिनेछ।

अनुसुची-१

(बुदाँ ६ को (ग) संग सम्बन्धित)

**<u>हेभि इक्वुपमेन्ट प्रयोग गरे बापतको दस्तुर</u>**

१. बारुण यन्त्रः- निःशुल्क

२. ब्याक हु-लोडर - प्रति घण्टा रु.१६००।- (इन्धन सहित)

३. ट्रिपरः- प्रतिदिन रु.३०००।- (इन्धन बाहेक)

चालकको खाजा खानाको व्यवस्था सेवाग्राहीले गर्ने ।

अनुसुची-२

(बुदाँ ६ को (ङ) संग सम्बन्धित)

**गैंडाकोट नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,गैंडाकोट नवलपरासी र ………………… बिच नगरपलिका स्वामित्वमा रहेका हेभी इकुपमेन्ट भाडामा लगाउने कार्य सम्बन्धि**

# सम्झौता पत्र

गैंडाकोट नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,गैंडाकोट नवलपरासी (यस पछि प्रथम पक्ष भनिनेछ) र ……………………………………………… (यस पछि दोस्रो पक्ष भनिनेछ) को विचमा हेभी इकुपमेन्ट भाडामा लगाउने कार्य देहाय बमोजिमको सेवा तथा शर्तहरुको अधिनमा कार्यान्वयन गर्न गराउन दुवै पक्ष एक आपसमा सहमत भई गैंडाकोट नगरपालिका कार्यालयमा बसी यो द्विपक्षिय सम्झौता पत्रमा हस्ताक्षर गरेका छौ ।

१. गैंडाकोट नगरपालिका क्षेत्र भित्र सार्बजनिक निर्माणको कार्य गर्न प्रति घण्टा रु……………………… मा दोस्रो पक्षले भुक्तान गर्ने गरि दुवै पक्षले यो सम्झौतामा हस्ताक्षर गर्यौ ।
२. हेभी इकुपमेन्टको प्रयोगको क्रममा दोस्रो पक्षको लापरबाहीबाट दुर्घटना भएको पुष्टि हुन आएमा उक्त क्षतिको पूर्ति दोस्रो पक्षले गर्ने छ।

हेभी इकुपमेन्ट सञ्चालन सम्बन्धी कार्य विधि–२०७५ मा भएका कुराको अतिरिक्त निम्नलिखित अधिकार प्रथम पक्षलाई हुनेछ ।

क) समयमा कार्य सम्पादन हुन नसके हेभी इकुपमेन्ट फिर्ता गरि सम्झौता भंग गर्ने ।

ख) प्रचलित कानून वा खरिद सम्झौता बमोजिम उपलब्ध हुने अन्य उपचार ।

सम्झौतामा उल्लेख नभएका विषयबस्तुहरुको हकमा नेपालको प्रचलित कानून (सार्वजनिक खरिद एन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४) बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखतः…………………………… | |
| प्रमुख प्रशासकीय अधिकृत | दस्तखतः…………………………… |
| गैंडाकोट नगरपालिका | |

**साक्षीहरुः**

| | | |
|---|---|---|
| दस्तखतः……………………… | दस्तखतः……………………… | दस्तखतः……………………… |
| योजना शाखा | जिन्सी शाखा | चालक |